आज मिति२०८०/१०/२८ गते आइतवार दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको आठौं बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्ण बहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जाल बहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्र बहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोका | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अधिकृतस्तर छैठौं | रामबहादुर न्यौपाने | |

CamScanner

**गाउँ कार्यपालिकाको आठौं बैठकको लागि छलफलको विषयवस्तु**

१. विगतको निर्णयको समीक्षा सम्बन्धमा ।

२. रकमान्तर सम्बन्धमा ।

३. भुक्तानी सम्बन्धी मुद्दाको प्रतिरक्षा सम्बन्धमा ।

४. कृषि तथा पशु सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धमा ।

५. जाल्पा मा.वि. को घेराबार सम्बन्धमा ।

६. सुझाव कार्यान्वयन सम्बन्धमा ।

७. कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।

८. आर्थिक सहयोग माग तथा विविध ।

९. समपुरक तथा विशेष अनुदान माग सम्बन्धमा ।

१०. इन्जिनियर फिर्ता सम्बन्धमा ।

११. समपुरक म्याचिङ फण्डको वचत रकम सम्बन्धमा ।

१२. विभिन्न कार्यक्रम तथा वडा स्तरीय योजनाको शीर्षक परिवर्तन सम्बन्धमा ।

१३. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।

१४. अनुमोदन सम्बन्धमा ।

१५. नियुक्ती तथा पदस्थापन सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सातौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्त अंकलाई सार्वजनिक गरेक पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँ सभाको अधिवेशनबाट यस आर्थिक बर्ष २०८०/०८१ को लागि विनियोजित बजेटबाट केही शीर्षकमा विनियोजन भए भन्दा बढी खर्च भइसकेको र केही शीर्षकमा खर्च हु

नसकेको अवस्थाका कारण कार्यालयको दैनिक कार्य सम्पादनमा समेत असर पुग्न सक्ने देखिएकोले देहाय बमोजिम खर्च हुन नसकेका शीर्षकबाट घटाई देहाय बमोजिम खर्च नपुग हुने शीर्षकमा रकम थप गरी बजेट कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | विनियोजन बढी खर्च कम भएका | | | विनियोजन घटी खर्च बढी भएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | शीर्षक | घटाउनु पर्ने रकम | घटाए पश्चात कायम हुने रकम | शीर्षक | थप गर्नु पर्ने शीर्षक | थप पश्चात कायम हुने रकम | |
| | मोतिया विन्दु अप्रेसन रेयुकाई मासुनागसँग सहकार्य | २,५०,०००। | ० | पारिश्रमिक कर्मचारी | ५,००,०००। | २,१०,००,०००। | |
| | संचार मैत्री कार्यक्रम | १,२०,०००। | १,८०,०००। | | | | |
| | कर्मचारी क्षमता विकास कार्यक्रम | २,००,०००। | १,००,०००। | इन्धन (कार्यालय प्रयोजन) | ५,००,०००। | २५,००,०००। | |
| | सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००। | ३,००,०००। | | | | |
| | पत्राकारिता क्षमता विकास कार्यक्रम | १,००,०००। | २,००,०००। | | | | |
| | पारिश्रमिक सुविधा | १,००,०००। | ७९,००,०००। | बोलपत्र सूचना प्रकाशन खर्च | १,००,०००। | ११,००,०००। | |
| | सकृय तथा निष्कृय सहकारी संस्थाको क्षमता विकास कार्यक्रम | १,५०,०००। | १,००,०००। | मर्मत संभार खर्च | ४,५०,०००। | २२,५०,०००। | |
| | मेलमिलाप सम्वन्धी पुनर्ताजगी तालिम | ३,००,०००। | ० | | | | |
| | पोशाक | १,००,०००। | ७,००,०००। | मेशिनरी औजार खरिद | १,००,०००। | ११,००,०००। | |
| | स्थानीय भत्ता | २,००,०००। | ३,००,०००। | आर्थिक सहायता | ५,००,०००। | १२,००,०००। | |
| | महंगी भत्ता | २,००,०००। | ३,००,०००। | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| योग सिविर संचालन | १,००,०००। | ० | | | | |
| गर्भवती आमाहरुलाई सुत्केरी हुने समयमा बर्थिङ सेन्टर सम्म लैजान निशुल्क एम्बुलेन्स सेवा | १,००,०००। | ० | ANC चेक अप गराउने महिलालाई अण्डा वितरण कार्यक्रम | १,३०,०००। | २,८०,०००। | |
| वडा सचिप र वडाका कर्मचारी अभिमुखिकरण कार्यक्रम सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम | ५०,०००। | ५०,०००। | | | | |
| अन्य कार्यक्रम | २,५०,०००। | २,५०,०००। | विपद् ब्यबस्थापन कोष | ९,५०,०००। | ८४,५०,०००। | |
| गाँउ सभा संचालन | १,००,०००। | ३,००,०००। | | | | |
| ४ वटा सामुदायिक स्वास्थ्य इकाईमा कार्यालय सहयोगी व्यवस्थापन | २,००,०००। | १,४३,०००। | | | | |
| महिला स्वास्थ्य स्वंसेविकाको सामुहिक स्वास्थ्य बिमा | १,००,०००। | ० | | | | |
| सीप प्रमाणिकरण कार्यक्रम | १,००,०००। | ० | | | | |
| सीप विकास तालिम प्राप्त गरी उद्मम व्यवसाय संचालन गर्ने उध्यमीलाई प्राविधिक सहयोग | २,००,०००। | ० | | | | |
| आ व २०७९/०८० को दायित्व सार्ने | १९,२५,०००। | १,४५,७५,०००। | सेतिदेवी शारदा मा.वि. कार्यक्रम सञ्चालन खर्च | ६,७५,०००। | ६,७५,०००। | |
| | | | सामुदायिक विद्यालयका कक्षा ६ मा अध्ययनरत | ८,००,०००। | ८,००,०००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विद्यालयलाई दिवा खाजा निकासा | | |
| | | | | मोटरसाइकल खरिद | ४,५०,०००। | ४,५०,०००। |
| १०. | इन्धन - अन्य प्रयोजन | २,०२,०००। | २,९८,०००। | डोजर मार्फत सडक स्तरोन्नती कार्य | ३,८१,०००। | १८,८१,०००। |
| | शिक्षकका लागी गोल्डेन ह्याण्सेक | १,७९,०००। | ० | | | |
| ११. | आ.व. २०७९/८० को निकासा फिर्ता | ७८,०१,०००। | ५,७१,९९,००० । | यमुनाडा झोलुङ्गेपुल गत बर्षको भुक्तानी | १,७३,८३२। | १,७३,८३२। |
| | ४ वटा सामुदायिक स्वास्थ इकाईमा कार्यालय सहयोगी व्यवस्थापन | ४,४१,०००। | ० | पाखर झो.पु. | ७,७१,४१४। | ७,७१,४१४। |
| | अनुगमन मूल्याङ्कन खर्च | ४,००,०००। | ६८०००। | सडक बोर्डसँगको साझेदारी | ५,६०,०००। | ५,६०,०००। |
| | | | | प्रोत्साहन तथा पुरस्कार | ८,००,०००। | ८,००,०००। |
| | | | | बैठक भत्ता | ४,८९७,००। | ४,८९७,००। |
| | | | | फर्निचर तथा फिक्चर्स खर्च | १,४०,०००। | ६,४०,०००। |
| | | | | मर्मत संभार कोष | १९,०८,०५४। | ६९,०८,०५४। |
| | | | | विविध पुर्वाधार निर्माण | ३३,८५,०००। | ७३,८५,०००। |
| | | | | विभिन्न मठ मन्दिर गुम्बा सम्बन्धी कार्य | ५०,०००। | १०,५०,०००। |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिन्धुपाल्चोक जिल्ला अदालत चौतारा सिन्धुपाल्चोकमा छ्युखोर लिङ मणि गोन्पा पुननिर्माण उपभोक्ता समितिको तर्फबाट सुनकोशी गाउँपालिका वडा नं. ५ निवासी घ्याम्छो लामा वादी भई मुद्दा नं. ०८०-cp-०२३५ को सम्झौता अनुरुपको बाँकी रकमा दिलाई पाउँ भनी गाउँपालिकाका अध्यक्ष श्री टपेन्द्रप्रसाद तिमल्सिना, प्रमुख प्रशासकीय अधिकृत श्री मोहनकुमार श्रेष्ठ र सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय पाङ्ग्रेटार, सिन्धुपाल्चोकलाई प्रतिवादी बनाई दायर भएको मुद्दाको प्रतवादीका तर्फबाट वारेस भई तारिख

लिने, प्रतिउत्तर मस्यौदा गर्ने, प्रति उत्तर दर्ता गराउने, बहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने कार्यको लागि गुरुदेव ल चेम्बर्स डिल्लीबजार, काठमाडौंका प्रोपाइटर अधिवक्ता श्री हरिबहादुर कार्की ना.प्र.नं. ८४/६९०५९ लाई अख्तियारी दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कृषि तथा पशु सम्बद्ध प्राविधिकहरुको सेवा आम सुनकोशीवासीले सहज रुपमा प्राप्त गर्न र कृषकहरुको नजिकैबाट छिटो छरितो रुपमा यस्ता प्राविधिक सेवा उपलब्ध गराउनको लागि देहाय बमोजिम कृषि तथा पशु सेवा केन्द्र स्थापना गर्ने र उक्त केन्द्रहरुमा गाउँपालिकामा मौजुदा रहेका पशु तथा कृषि प्राविधिकलाई खटाउने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | कृषि/पशु सेवा केन्द्र रहने स्थान | कृषि/पशु सेवा केन्द्रले सेवा दिने वडा | सेवा केन्द्रमा रहने प्राविधिक संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | २ नं. वडा कार्यालय ठोकर्पा | वडा नं. १, २, र ३ | १. सहायक स्तर चौथो/पाँचौ -१<br>२. सहायक स्तर चौथो/पाँचौ -१ | |
| २. | ५ नं. वडा कार्यालय सुनखानी | वडा नं. ४ र ५ | १. सहायक स्तर चौथो/पाँचौ -१<br>२. सहायक स्तर चौथो/पाँचौ -१ | |
| ३ | गाउँ कार्यपालिका कार्यालय पाङ्ग्रेटार | वडा नं. ६ र ७ | १. सहायक स्तर चौथो/पाँचौ -१<br>२. सहायक स्तर चौथो/पाँचौ -१ | गाउँपालिकाको कामकाज समेत गर्ने |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ७ मा रहेको श्री जाल्पा मा.वि. भवन परिसरमा घेराबार नभएको हुँदा असुरक्षित रहेको र शान्त शैक्षिक वातावरण तयार हुन नसकेको हुँदा विद्यालयमा घेराबारको लागि आवश्यक बजेट व्यवस्था गर्न जिल्ला समन्वय समिति सिन्धुपाल्चोकलाई अनुरोध गर्ने र नियमानुसार लागत साझेदारी आवश्यक पर्ने भएमा विद्यालय तथा गाउँपालिकाबाट समेत उपयुक्त शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रेषित र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त मिति २०८० माघ १५ र २३ गते स्थानीय तहको लागि दिइएको सुझावलाई मनन गर्दै पालना गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा विधायन समितिबाट सिफारिस भई आएको सुनकोशी गाउँपालिकाको आयोजना/कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० र सुनकोशी

गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८० स्वीकृत गरी नियमानुसार राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देहाय बमोजिमका विभिन्न व्यक्ति/संस्थाबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग माग भई आएकोमा देहाय बमोजिम रकम देहाय बमोजिम शीर्षकबाट आवश्यक कागजात प्राप्त गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | माग गर्ने व्यक्ति/संस्था | प्रयोजन | गा.पा.ले उपलब्ध गराउने रकम | शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | इलाका प्रहरी कार्यालय जलविरे | सुनकोशी-५ निवासी बाग ब. तामाङको मृत्यु हुँदा लास अनुसन्धान र मुचुल्का गर्न जलविरे लगेको र फिर्ता लगेको | १०,०००। | आर्थिक सहायता | |
| २. | ठोकर्पा प्रहरी चौकी | वाइफाइ रिचार्ज भुक्तानी | ५६,००। | सञ्चार महसुल | |
| ३. | सशस्त्र प्रहरी बल वनदेउ | एम्बुलेन्स मर्मत | ४०,०००। | आर्थिक सहायता | |
| ४. | नेपाल ललित मुक्ति अभियान, जिल्ला कार्य समिति, सिन्धुपाल्चोक | मोर्चाको पहिलो जिल्ला भेला सञ्चालनार्थ | १०,०००। | विविध खर्च | |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८०।१०।०२ गतेको च.नं. ५८० को पत्रानुसार आर्थिक वर्ष २०८१/०८२ को लागि देहाय बमोजिम प्राथमिकताक्रम अनुसार समपुरक तथा विशेष अनुदानमा सञ्चालन हुने योजनाहरु कार्यविधिले तोकेको अवधि र कागजात संलग्न राखी पठाउने निर्णय गरियो ।

**क. समपुरक अनुदान तर्फ**

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | खहरेखोला तामाङटोल सडक स्तरोन्नती | ७ | २,००,००,०००। | |
| २. | विर्तादोल मिजारटोल निङ्ग्रे सडक स्तरोन्नती | ६ | १,००,००,०००। | |
| ३. | सितापाइला थमडाँडा पदमार्ग निर्माण | १ | १,००,००,०००। | |
| ४. | स्वास्थ्यचौकी मानेडाँडा सडक स्तरोन्नती | २ | १,००,००,०००। | |
| ५. | ठकुरीगाउँ रैकरडाँडा तित्रे सडक स्तरोन्नती | २ | १,००,००,०००। | |

**ख. विशेष अनुदान तर्फ**

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | पोषण अवस्थामा सुधार कार्यक्रम | सबै | ८३,९९,०००। | |
| २. | खाद्य सुरक्षा तथा दुग्धजन्य पदार्थको मूल्य अभिबृद्धि कार्यक्रम | १ | ८८,७५,०००। | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौडाले यस गाउँपालिकाको लागि मिति २०८०।१०।२८ को च. नं. १६४ बमोजिम सातौं तहको इन्जिनियर पदमा नियुक्तिको लागि सिफारिस भई आउनु भएका श्री दिकेश प्रजापतिलाई हाल गाउँपालिकामा योजना सञ्चालनको अत्याधिक चाप रहेको तथा निज नयाँ कर्मचारी भएको र अनुभव नरहेको हुँदा कार्य सम्पादनमा समस्या आउन सक्ने भएकोले निजलाई फिर्ता पठाई साविकमा सो पदमा करार सेवामा कार्यरत इन्जिनियर श्री वद्रिनारायण भुजेललाई नै करार निरन्तरता दिई कामकाज गरिराख्न तथा प्रदेश लोक सेवा आयोगलाई सोही व्यहोराको जानकारी गराउने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाले समेत समपुरक रकम व्यहोरी सञ्चालनको लागि स्वीकृत रतनकोट वडा कार्यालय सडक, लप्से खोला काप्साल सडक, बाबुराम चोक रैकर सडक तथा जिमाल टोल माख्ला गाउँ सडक योजनाको बोलपत्र आव्हान भई सम्झौता समेत सम्पन्न भई उक्त योजनाहरुको सम्झौता पश्चात बाँकी गाउँपालिका तर्फ बाँकी रहेको रु. ४५,६४,११९। रकमबाट सुनकोशी गाउँपालिका वडा नं. ७ को डाँडाडिही भडारेपानी काप्सल सडक स्तरोन्नती गर्ने र सो योजना ठेक्काको माध्यमबाट सञ्चालन गर्ने निर्णय गरियो ।

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा गाउँसभाबाट स्वीकृत भएका तपसिल बमोजिमका कार्यक्रम तथा विभिन्न वडाका योजनाहरु यथा स्थितमा कार्यान्वयनमा समस्या आएको र कार्यक्रम/योजनाको प्रभावकारीताको लागि देहायका योजनाहरुलाई देहाय बमोजिम संशोधन गरी यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**देहाय**

| साविक योजना/कार्यक्रम | विनियोजित रकम रु. | संसोधित योजना/कार्यक्रम | संशोधित रकम रु. |
|---|---|---|---|
| -साँधी पहरी गाउँ गोरेटो बाटो निर्माण(७ नं वडा)<br>-प्राधिकरण गेट साँधी सडक मर्मत सुधार(७ नं वडा)<br>-कुड्लेखोला सिंचाइ(७ नं वडा)<br>-नेतृत्व तथा क्षमता विकास तालिम कार्यक्रम(७ नं वडा) | ३,५०,०००/-<br>१,००,०००/-<br>८०,०००/-<br>१,००,०००/- | वडा कार्यालय मर्मत सम्भार ७ नं. वडा | ६,३०,०००/- |
| -छाप देविस्थान लिफ्टिङ खानेपानी योजना (३ नं वडा)<br>-दवीस्थान छाप आन्तरिक वस्ती सिँढी निर्माण | ३,००,०००/-<br>१,५०,०००। | छाप देविथान मन्दिर मर्मत तथा स्तरोन्नती | ४,५०,०००/- |
| -महिला समूह पञ्चेबाजा सेट खरिद (१ नं वडा) | १,००,०००/- | भजन मण्डली बाजा खरिद तथा वितरण | १,००,०००/- |
| -कालिदेवी खेल मैदान<br>-सुनखानी बाटोघर सिंढी निर्माण (५ नं वडा) | १,००,०००/-<br>१,००,०००/- | सुनखानी बाटोघर सिंढी निर्माण | २,००,०००/- |

१३. प्रस्ताव नं १३ माथि छलफल गर्दा श्री युनिशा पहरी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. सुनकोशी गाउँपालिका ७ पाङ्ग्रेटारले "घ" वर्गको इजाजत पत्र पाउँ भनी पेश गरेको सम्पुर्ण कागजात तथा प्राविधिक समितिको सिफारिसको आधारमा सुनकोशी गाउँपालिकाको "घ" वर्गको निर्माण इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ अनुसार दर्ता गरी अभिलेख राख्ने र इजाजत पत्र दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं १४ माथि छलफल गर्दा वडा स्तरीय वजेटमा स्वीकृत सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी शीर्षकमा विनियोजित बजेटलाई धर्म संस्कृति प्रवर्द्धन शीर्षकमा परिवर्तन गरी सो शीर्षकमा अध्यक्षज्यूको तोक आदेशबाट खर्च भइसकेको हुँदा सो लाई अनुमोदन गर्ने समेत निर्णय गरियो ।

१५. प्रस्ताव नं १५ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, वागमती प्रदेश, हेटौडाबाट यस गाउँपालिकामा कृषि सेवा, ला.पो.डे.डे. समूह, पशु विकास अधिकृत स्तर सातौंमा सिफारिस भई



टङ्केन्द्र प्रसाद तिमल्सिना

अध्यक्ष

आउनु भएका श्री सुरक्षा कट्टेलको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ बमोजिम स्थानीय तहको सातौं तह वा सो भन्दा माथिल्लो तहमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले नियुक्ति र पदस्थापन गर्ने व्यवस्था भए बमोजिम उक्त पदमा निजलाई नियुक्ती तथा पशु विकास शाखा प्रमुखमा पदस्थापन गर्ने निर्णय गरियो ।